# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनौट, सिफारिस र नियुक्ति सम्बन्धी कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३/०२/२९ (माननीय मन्त्रीस्तर)

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

सिंहदरवार, काठमाडौं

## स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनौट, सिफारिस र नियुक्ति सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः:** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनौट, सिफारिस र नियुक्ति प्रक्रियालाई योग्यता प्रणालीमा आधारित, वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाई योग्य एबम सक्षम व्यक्ति नियुक्ति गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनौट, सिफारिस र नियुक्ति सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अख्तियारवाला” भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति गर्न प्रचलित नेपाल कानून बमोजिम अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनुपर्छ।

(ख) “कार्यसम्पादन करार” भन्नाले नियुक्त हुने पदाधिकारी वा कार्यकारी प्रमुखले आफ्नो कार्यकालमा सम्पादन गर्नुपर्ने काम, लक्ष्य र सूचकहरू स्पष्ट गरी मन्त्रालय वा अख्तियारवालासँग गर्ने लिखित सम्झौता सम्झनुपर्छ।

(ग) “नजिकका नातेदार" भन्नाले पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, जेठी सासु, साला, साली, साढू दाई, साढु भाई, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनुपर्छ।

(घ) “पदाधिकारी” भन्नाले सार्वजनिक निकायका अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कार्यकारी निर्देशक, निर्देशक, रजिस्ट्रार, वा कार्यकारी प्रमुख र नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्य समेतलाई सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनुपर्छ।

(च) "सम्बन्धित कानून" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति गर्ने ऐन/नियम सम्झनुपर्छ।

(छ) "सिफारिस समिति" भन्नाले सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी अख्तियारवाला समक्ष सिफारिस गर्न स्वास्थ्य वीमा ऐन २०७४ वा यसै कार्यविधि बमोजिम गठन भएको समिति वा कार्यदल सम्झनुपर्छ।

३. <u>सार्वजनिक निकायः</u> अनुसूची-१ मा उल्लिखित मन्त्रालय सम्बद्ध सार्वजनिक निकायहरू हुनेछन।

४. **सिफारिस समितिको गठनः** (१) सार्वजनिक निकायका पदाधिकारी र सदस्यहरू नियुक्तिका लागि योग्य उम्मेदवार छनौट गरी अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) स्वास्थ्य वीमा बोर्डको कार्यकारी निर्देशक नियुक्तिको लागि स्वास्थ्य बीमा ऐन २०७४ को दफा २२ बमोजिमको उम्मेदवार सिफारिस समिति हुनेछ।

(ख) अन्य पदाधिकारी नियुक्तिको लागि उम्मेदवार सिफारिस समिति देहाय अनुसार रहनेछ।

(१) अतिरिक्त स्वास्थ्य सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय- -अध्यक्ष

(२) सार्वजनिक निकायको सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा २० बर्ष वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको दुई जना विज्ञ - सदस्य

(३) महाशाखा प्रमुख, नीति योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय - सदस्य-सचिव

*(स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि सम्बन्धित विषयका हकमा देहाय बमोजिमका विषयहरु सम्बन्धित विषय अन्तर्गत पर्नेछन्।*

*(१) स्वास्थ्य बीमा बोर्ड अध्यक्षको हकमा चिकित्सा वा जनस्वास्थ्य विषय*

*(२) नेपाल मेडिकल काउन्सिलको हकमा आधुनिक चिकित्साशास्त्र विषय,*

*(३) आयुर्वेद चिकित्सा परिषद्को हकमा आयुर्वेद चिकित्सा विषय,*

*(४) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को हकमा आधुनिक चिकित्सा प्रणाली वा आयुर्वेद चिकित्सा वा स्वास्थ्य विषय,*

*(५) नेपाल नर्सिङ्ग परिषद्को हकमा नर्सिङ्ग विषय,*

*(६) नेपाल स्वास्थ्य व्यवसायी परिषद्को हकमा स्वास्थ्य व्यवसायसँग सम्बन्धित विषय,*

*(७) शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रको हकमा चिकित्साशास्त्र (हृदयरोग सम्बन्धी) विषयमा र*

*(८) नेपाल फार्मेसी परिषद्को हकमा फार्मेसी विषय।)*

(२) **समितिको काम, कर्तव्य र अधिकारः** उपदफा (१) बमोजिम गठन भएको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित सार्वजनिक निकायको रिक्त पदाधिकारी वा सदस्यको पदमा नियुक्तिको लागि तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सार्वजनिक सूचना प्रकाशन गरी खुल्ला दरखास्त आह्वान गर्ने।

(ख) मुल्यांकनका लागि सम्बन्धित क्षेत्रका विषय विज्ञ छनौट गर्ने।

(ग) प्राप्त हुन आएका दरखास्तहरूको प्रारम्भिक छानबिन गरी स्वीकृत उम्मेदवारहरूको शैक्षिक योग्यता, कार्य अनुभव र उम्मेदवारले पेश गरेको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) को आधारमा मूल्याङ्कन गर्ने।

(घ) संक्षिप्त सूची (Shortlist) मा परेका उम्मेदवारहरूको कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता सञ्चालन गर्ने।

(ङ) खुल्ला प्रतिस्पर्धात्मक र पारदर्शी मूल्याङ्कन प्रक्रियाका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्येबाट प्रत्येक एक रिक्त पदका लागि वर्णानुक्रम वा योग्यताक्रमका आधारमा तीन जना योग्य व्यक्तिको नाम नियुक्तिका लागि अख्तियारवाला (नेपाल सरकार वा मन्त्रालय) समक्ष सिफारिस गर्ने।

(च) समितिले उम्मेदवारको मूल्याङ्कनका आधार, अङ्कभार तोक्ने र सिफारिस सम्बन्धी प्रक्रिया यस कार्यविधिमा उल्लेख भएका विषय र सम्बन्धित परिषद/बोर्ड/अस्पताल ऐन तथा नियमावलीमा नबाझिने गरी आफैंले निर्धारण गर्न सक्नेछ।

**५. समितिको बैठकः** (१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक सङ्ख्याको लागि समितिका सबै सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ।

(५) समितिको निर्णय अध्यक्ष सहित सबै सदस्यको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

(७) सिफारिस समितिले उम्मेदवारको मुल्यांकन प्रक्रियामा आवश्यकता अनुसार सम्बन्धित बिषय बिज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक भत्ता, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन लगायतका आवश्यक खर्च मन्त्रालयबाट नियमानुसार भुक्तानी हुनेछ।

६. **दरखास्त आह्वानः** (१) सार्वजनिक निकायका पदाधिकारी र सदस्यहरूको रिक्त पदमा नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त पेश गर्न पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा कम्तिमा दश दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) को सूचना बमोजिम दरखास्त पेश गर्दा उम्मेदवारहरूले आफ्नो सहजताको आधारमा मन्त्रालयको वेबसाइट मार्फत अनलाइन प्रणालीबाट वा मन्त्रालयको सिफारिस समितिको सचिवालयमा भौतिक रूपमा उपस्थित भई आवश्यक कागजात सहित दरखास्त पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधिभित्र आवश्यक सङ्ख्यामा दरखास्त पेश नभएमा एकपटकको लागि बढीमा ३ (तीन) दिनको समयावधि दिई पून सूचना प्रकाशन गरिनेछ।

७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातः** (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले *अनुसूची-२* बमोजिमको ढाँचामा दरखास्तका साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः

(क) उम्मेदवारको अध्यावधिक वैयक्तिक विवरण (बायो-डाटा){अतिरिक्त अनुसन्धान/प्रकाशन भए सो समेत खुलाउने}।

(ख) एस.एल.सी/एस.ई.ई. भन्दा माथिका (क्रम मिलाएर) सबै शैक्षिक उपाधिको प्रमाणपत्रको प्रतिलिपि।

(ग) सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको अद्यावधिक प्रमाणपत्र (प्राविधिक पदको हकमा)।

(घ) कार्य अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(ङ) नेपाली नागरिकताको प्रतिलिपि र

(च) अनुसूची-३ बमोजिमको स्वघोषणा पत्र।

(२) पदाधिकारी पदका लागि उपदफा (१) मा उल्लिखित कागजातका अतिरिक्त उम्मेदवारहरूले बढीमा तीन हजार शब्दसम्मको सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) अनिवार्य रूपमा छुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) अंग्रेजीमा भए Times New Roman 12 र नेपालीमा भए युनिकोडमा ११ फन्ट साइज र double line space मा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरु देखी अन्त्य सम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ।

८. **शैक्षिक योग्यता र अनुभवको मापदण्डः** (१) सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य पदमा दरखास्त पेश गर्न सम्बन्धित कानूनमा स्पष्ट नभएका देहायका सार्वजनिक निकायका पदाधिकारी वा सदस्यहरुका लागि देहाय बमोजिमको शैक्षिक योग्यता र कार्य अनुभव पुरा गरेको हुनुपर्ने छ।

(क) आयुर्वेद चिकित्सा परिषद्को अध्यक्ष र रजिष्ट्रारः

(१) आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा २.३ को उपदफा २.३.१.१ बमोजिम अध्यक्ष पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा बिषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको र आयुर्वेद क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेको।

(२) आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा ३.१.१ बमोजिम रजिस्ट्रार पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा बिषयमा कम्तिमा स्नातक उपाधी प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता भई आयुर्वेद क्षेत्रमा कम्तिमा दश बर्षको कार्य अनुभव हासिल गरेको।

(ख) नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पदाधिकारी तथा सदस्यः

(१) नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्य पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली वा आयुर्वेद चिकित्सा बिषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त गरेको, स्वास्थ्य क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव सहित, Index Journal मा कम्तिमा चार वटा First Author र कम्तिमा छ वटा Co-author भएका अनुसन्धानमूलक लेख प्रकाशन गरेको।

(२) नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्य सचिव पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली वा आयुर्वेद चिकित्सा वा स्वास्थ्यसँग सम्बन्धित कुनै बिषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त गरेको र स्वास्थ्य क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव सहित, Index Journal मा कम्तिमा ४ वटा First Author र कम्तिमा ६ वटा Co-author भएका अनुसन्धानमूलक लेख प्रकाशन गरेको।

(ग) नेपाल नर्सिङ्ग परिषद्का अध्यक्ष र रजिष्ट्रारः

(१) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष पदका लागि नर्सिंङ्ग बिषयमा कम्तिमा स्नातक उपाधी प्राप्त गरी नर्सिंङ्ग व्यवसायमा कम्तिमा पन्ध्र बर्ष अनुभव प्राप्त गरेको।

(२) नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा १३ बमोजिम रजिष्ट्रार पदका लागि नर्सिङ्ग बिषयमा कम्तिमा स्नातक उपाधि प्राप्त गरी कम्तिमा पाँच बर्ष नर्सिङ्ग व्यवसायमा संलग्न रहेको।

(घ) नेपाल स्वास्थ्य व्यवसायी परिषद्का अध्यक्ष र रजिष्ट्रारः

(१) नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष पदका लागि स्वास्थ्य व्यवसायसँग सम्बन्धित बिषयमा स्नातक उपाधी प्राप्त गरी कम्तीमा पाँच वर्षको स्वास्थ्य व्यवसायमा लागेको।

(२) नेपाल स्वास्थ्य व्यवशायी परिषद नियमावली, २०५६ ११ (क) बमोजिम रजिष्ट्रार पदका लागि स्नातकोत्तर वा सो भन्दा माथिको उपाधि हासिल गरी पाँच वर्षको अनुभव प्राप्त गरेको वा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी दश वर्षको अनुभव प्राप्त गरेको।

(ङ) शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशकः

(१) शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ को दफा ११ बमोजिम कार्यकारी निर्देशक पदका लागि मान्यता प्राप्त शिक्षण अस्पताल संस्थाबाट हृदयरोग सम्बन्धी विषयमा विशेषज्ञता हासिल गरी सो विषयमा कम्तीमा दश वर्ष काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा नवौं तह वा सो सरहको पदमा हृदय रोग सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको।

(छ) नेपाल फार्मेसी परिषद्को अध्यक्ष र रजिष्ट्रारः

(१) नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष पदका लागि फार्मेसी विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा दश वर्षको अनुभव हासिल गरी फार्मेसी व्यवसायमा अनुभव प्राप्त फर्मासिष्टहरू मध्येबाट।

(२) नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा २६ बमोजिमको रजिष्ट्रारको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा कम्तिमा स्नातक उपाधि प्राप्त गरेको, सम्बन्धीत परिषद्मा दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको कार्य भनुभव भएको।

(छ) स्वास्थ्य बीमा बोर्डका अध्यक्ष र कार्यकारी निर्देशकः

(१) स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ को दफा १३ को उपदफा (२) को खण्ड (क) बमोजिम अध्यक्ष पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्ष अनुभव

भएको, पैंसठ्ठी वर्ष ननाघेको र कुनै बीमा कम्पनीको सञ्चालक वा आधारभूत शेयरधनी नरहेको (आधारभूत शेयरधनी भन्नाले कुनै बीमा कम्पनीको कुल चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर आफ्नो नाममा रहेको व्यक्ति सम्झनु पर्छ)।

(२) स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ दफा १३ को उपदफा (१) को खण्ड (च) बमोजिम कार्यकारी निर्देशक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, कानून, चिकित्सा शास्त्र, जनस्वास्थ्य वा स्वास्थ्य अर्थशास्त्र सम्बन्धी बिषयमा कम्तिमा स्नातकोत्तर उपाधी हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १० बर्ष अनुभव प्राप्त गरेको र पैंसठ्ठी वर्ष ननाघेको।

(झ) नेपाल मेडिकल काउन्सिलका अध्यक्ष र रजिष्ट्रार,

(१) नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ४ को खण्ड (क) बमोजिम अध्यक्ष पदका लागि दर्तावाला चिकित्सकको रूपमा कम्तिमा बीस बर्षको अनुभव हासिल गरेको र चिकित्सा सम्बन्धी विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सक।

(२) नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा १२ बमोजिम रजिस्ट्रार पदका लागि दर्तावाला चिकित्सकको रूपमा चिकित्साशास्त्र बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको कार्य अनुभव भएको।

९. **उम्मेदवार अयोग्यताः** सम्बन्धित परिषद/बोर्ड/अस्पतालको ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. **दरखास्तको रुजु, मूल्याङ्कन तथा छनौट विधिः** (१) सिफारिस समितिले प्राप्त दरखास्त रूजु गरी *अनुसूची ४* को क्रम संख्या १ र २ समिति आफै र क्रम संख्या ३ र ४ विज्ञ मार्फत मूल्यांकन गराई संयुक्त (क्रम संख्या १, २, ३, र ४ सम्म) रूपमा सबैभन्दा बढी अंक प्राप्त गर्ने रिक्त एक पदका लागि अधिकतम दश जना सम्म उम्मेदवारहरुको सूची तयार गरी वर्णानुक्रम अनुसार प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि संक्षिप्त सूची प्रकाशन गर्नेछ।

(२) सिफारिस समितिले उपदफा (१) बमोजिमका संछिप्त सूचीमा रहेका उम्मेदवारहरूको प्रस्तुतीकरण तथा अन्तर्वार्ता लिई कुल प्राप्तांकका आधारमा रिक्त १ पदका लागि अधिकतम ३ जनाका दरले उम्मेदवार छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ।

**११. स्वघोषणा गर्नुपर्नेः** (१) सिफारिस समितिका संयोजक तथा सदस्यहरूले उम्मेदवारको मूल्याङ्कन तथा सिफारिस प्रक्रियामा सहभागी हुनु अघि निजहरूसँग आफ्नो कुनै प्रकारको स्वार्थ नबाझिएको भनी *अनुसूची-५* मा तोकिए बमोजिमको ढाँचामा स्वघोषणा गर्नुपर्नेछ।

(२) समितिका कुनै सदस्य वा मूल्याङ्कन विज्ञ टोलीका सदस्यको नजिकका नातेदारले पदाधिकारी वा सदस्यको पदमा दरखास्त पेश गरेको अवस्थामा वा कुनै उम्मेदवारसँग स्वार्थ बाझिने (Conflict of Interest) अवस्था रहेमा त्यस्तो सदस्य वा विज्ञ सम्बन्धित पदको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(३) उपदफा (२) बमोजिमको अवस्था परी आएमा सदस्य तथा विज्ञको हकमा समितिको अध्यक्षलाई र अध्यक्षको हकमा मन्त्रालय वा अख्तियारवालालाई लिखित जानकारी गराई मूल्याङ्कन प्रक्रियाबाट अलग हुनुपर्नेछ।

**१२. कार्यसम्पादन करार तथा नियुक्तिः** (१) यस कार्यविधि बमोजिम सिफारिस भएका पदाधिकारीहरुले पदवहाल गरेको पन्ध्र दिनभित्र मन्त्रालय वा सम्बन्धित अख्तियारवालासँग अनिवार्य रूपमा कार्यसम्पादन करार (Performance Agreement) गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा सम्बन्धित पदाधिकारीले उम्मेदवारी पेश गर्दा बुझाएको रणनीतिक कार्ययोजना (Strategic Action Plan) लाई आधार मानी आफ्नो कार्यकालमा हासिल गर्नुपर्ने मुख्य लक्ष्य, सूचक र सम्पादन गर्नुपर्ने कार्यहरू स्पष्ट रूपमा समावेश गर्नु पर्नेछ।

(३) नेपाल स्वास्थ्य अनुसन्धान परिषदको सदस्य पदमा नियुक्त हुनेको हकमा सोही निकायको ऐन र नियममा तोकिएबमोजिमको जिम्मेवारी र पदीय आचरण पालना गर्ने सर्तमा नियुक्ति दिइनेछ।

**१३. बाझिएमा सम्बन्धित कानून लागू हुनेः** यो कार्यविधिमा उल्लेख भएका विषय सम्बन्धित परिषद/बोर्ड/अस्पताल ऐन तथा नियमावलीमा बाझिएमा त्यस्तो बाझिएको हदसम्म सम्बन्धित परिषद/बोर्ड/अस्पताल ऐन तथा नियमावली लागू हुनेछ।

**१४. समितिको सचिवालय र कागजपत्रको संरक्षणः** (१) समितिको कार्य सम्पादनका लागि स्वाथ्य तथा जनसंख्या मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाले सचिवालयको रुपमा कार्य गर्नेछ।

(२) समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

**१५. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा स्पष्ट व्यवस्था नभएको अवस्थामा, समितिको सर्वसम्मत निर्णयबमोजिम बाधा अड्काउ फुकाउन वा थप व्याख्या गर्न सकिनेछ र त्यस्तो निर्णय यसै कार्यविधिको अभिन्न अङ्ग मानिनेछ। आवश्यक परेमा समितिले अन्य निकायसँग कानूनी परामर्श गर्न सक्नेछ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय र सम्बन्धित कानूनहरू

| सि.नं. | सार्वजनिक निकायको नाम | सम्बन्धित कानून (ऐन) |
|---|---|---|
| परिषद्हरू | | |
| १. | नेपाल मेडिकल काउन्सिल | नेपाल मेडिकल काउन्सिल ऐन, २०२० |
| २. | आयुर्वेद चिकित्सा परिषद् | आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ |
| ३. | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ |
| ४. | नेपाल नर्सिङ्ग परिषद् | नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ |
| ५. | नेपाल स्वास्थ्य व्यवसायी परिषद् | नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ |
| ६. | नेपाल फार्मेसी परिषद् | नेपाल फार्मेसी परिषद् ऐन, २०५७ |
| विशिष्टीकृत अस्पताल | | |
| १. | शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र | शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ |
| बोर्ड | | |
| १. | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य बीमा ऐन, २०७४ |

## अनुसूची-२

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### दरखास्त फाराम

श्री अध्यक्षज्यू,

छनौट तथा सिफारिस समिति,

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

........................................................................ (सार्वजनिक निकायको नाम) को रिक्त ...................................................... (पदको नाम) पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। यस पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव म सँग रहेको छ। म यस पदमा नियुक्तिका लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारी पूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**(१) व्यक्तिगत विवरणः**

(क) नाम, थर (देवनागरी): ..................................................................................

(ख) Name (English BLOCK LETTERS): ..........................................................

(ग) हाल कार्यरत संस्थाः .................................................... पदः .............................

(घ) नेपाली नागरिकता नं.: ........................ जारी जिल्लाः ..................... जारी मितिः .....................

(ङ) स्थायी ठेगानाः ..........................................................................................

(च) अस्थायी ठेगानाः .......................................................................................

(छ) जन्म मिति (साल/महिना/गते): ...........................................

(ज) सम्पर्क नम्बर (मोबाइल): .................................. इमेलः ...................................

(२) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय |
|---|---|---|---|---|
| १. | एस.ई.ई/एस.एल.सि | | | |
| २. | प्रविणता प्रमाणपत्र | | | |
| ३. | स्नातक | | | |
| ४. | स्नातकोत्तर | | | |
| ५. | विद्यावारिधि र अन्य | | | |

(३) अनुभवः व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव

| क्र.स. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(४) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

| क्र.स. | लेखको शिर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(५) व्यावसायिक परिषद्मा दर्ता विवरण (प्राविधिक पदको हकमा मात्र):**

(क) परिषद्को नामः .................................................. दर्ता नं.: .......................

(ख) दर्ता मितिः ..................... नवीकरण अवधि (भएमा): ...........................

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

## अनुसूची-३

## (दफा ७ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित)

## उम्मेदवारको स्वघोषणा

प्रस्तुत विषयमा म ...................................................................... (निकायको नाम) को ....................................... (पद) पदका लागि आवेदनका साथ देहाय बमोजिमको स्वघोषणा गर्दछु।

(क) भ्रष्टाचार, मानव बेचबिखन, लागु औषध, बैङ्क तथा वित्तीय संस्थाको रकम हिनामिना, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।
(ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति (PR) वा विदेशी नागरिकता प्राप्त नगरेको।
(ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको।
(घ) हाल कुनै राजनीतिक दलको सदस्य नभएको वा दलगत जिम्मेवारीमा नरहेको।
(ङ) म नियुक्त हुन चाहेको सार्वजनिक निकायको कार्यक्षेत्रमा मेरो कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको।
(च) कुनै पनि अनुसन्धानमूलक लेख तथा प्राज्ञिक प्रकाशनमा बौद्धिक चोरी (Plagiarism) नगरेको।

माथि उल्लेख गरिएका विवरणहरू पूर्ण रूपमा ठीक र साँचो हुन् भनी स्वघोषणा गर्दछु। यसमा कुनै विवरण झुटो ठहरिएमा मेरो दरखास्त/नियुक्ति रद्द भई प्रचलित कानूनबमोजिम सजाय भोग्न मञ्जुर छु।

**उम्मेदवारको हस्ताक्षरः** ................................
**नाम, थरः** ................................
**सम्पर्क नम्बरः** ................................
**मितिः** ................................

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

## अनुसूची-४

## (दफा १० को उपदफा (१) को खण्डसँग सम्बन्धित)

(क) पदाधिकारीको मुल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १५ | न्यूनतम शैक्षिक योग्यता (१२), अतिरिक्त एक तह माथिको शैक्षिक योग्यता (३) |
| २. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | १५ | न्यूनतम अनुभव (१२) र सो भन्दा बढी कार्य गरेको प्रत्येक वर्षको ०.५ अङ्कका दरले अधिकतम ३ |
| ३. | सोचपत्र (Vision Paper) | २० | देहायका ५ वटा सूचकमा प्रति सूचक ४ अङ्कका दरले:<br>(१) प्रतिष्ठानको गुणस्तर अभिवृद्धि र प्रभावकारिता,<br>(२) प्रतिष्ठानको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता,<br>(३) शैक्षिक कार्यक्रमको सुदृढीकरण,<br>(४) प्रतिष्ठानलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा विकास,<br>(५) मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति। |
| ४. | रणनीतिक कार्ययोजना (Strategic Action Plan) | २५ | देहायका ५ वटा सूचकमा प्रति सूचक ५ अङ्कका दरले:<br>(१) विद्यमान अवस्था,<br>(२) SWOT Analysis,<br>(३) सरोकारवालासँगको अन्तरसम्बन्ध,<br>(४) सुधारका क्षेत्र पहिचान,<br>(५) अनुगमन ढाँचासहितको ५ वर्षे कार्ययोजना। |
| ५. | प्रस्तुतीकरण र अन्तर्वार्ता | २५ | प्रस्तुतीकरण शैली, कार्ययोजनाको स्पष्टता र विश्लेषणात्मक क्षमता |
| | कुल प्राप्ताङ्क | १०० | |

## अनुसूची-५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### मूल्याङ्कनकर्ताको स्वघोषणा

म ...................................................................... (निकायको नाम) को ...................................... (पद) पदको छनौट तथा सिफारिस प्रक्रियामा मूल्याङ्कनकर्ता (समितिको सदस्य/विज्ञ) को हैसियतमा संलग्न रहँदा देहाय बमोजिमको स्वघोषणा गर्दछुः

दरखास्त पेश गर्ने कुनै पनि उम्मेदवारसँग मेरो नजिकको नातेदारको सम्बन्ध (पारिवारिक), वित्तीय, राजनीतिक, संस्थागत वा अन्य कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष स्वार्थ-सङ्घर्ष (Conflict of Interest) नभएको घोषणा गर्दछु। यदि मूल्याङ्कनका क्रममा कुनै उम्मेदवारसँग स्वार्थ बाझिएको देखिएमा वा पछि जानकारीमा आएमा तुरुन्त समितिका अध्यक्षलाई जानकारी गराई म सम्बन्धित उम्मेदवारको मूल्याङ्कन प्रक्रियाबाट अलग रहनेछु। यस छनौट प्रक्रियामा प्राप्त हुने उम्मेदवारका व्यक्तिगत कागजात, अङ्क, टिप्पणी, सन्दर्भ जाँच विवरण तथा अन्य सबै संवेदनशील जानकारीहरू पूर्ण रूपमा गोप्य राख्नेछु।

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

.................................

**नाम, थरः** ................................

**पद/भूमिकाः** .................................

**मितिः** .................................

| दायाँ | बायाँ |
|---|---|
| | |